प्रदेश सरकार
लुम्बिनी प्रदेश
कृषि, खाद्य प्रविधि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
**कृषि ज्ञान केन्द्र,**
**दाङ**

☎ ०८२-५६०१३०/५६००२५
ईमेल: akcdang@gmail.com
वेबसाईट: dang.akc.gov.np

## प्रस्ताव आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७८/११/२६**

कृषि ज्ञान केन्द्र, दाङको चालू आ.व. २०७८/७९ को स्वीकृत कार्यक्रम अनुसार तपसिल अनुसारका कार्यक्रम लागत साझेदारीमा सञ्चालन गर्न इच्छुक आवेदकहरुले आवश्यक कागजातहरु सहितको प्रस्ताव यस कार्यालयमा सूचना प्रकाशन भएका मितिले १५ दिन (२०७८/१२/१० गते) भित्र पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। यस सम्बन्धि थप जानकारी तथा आवश्यक मापदण्डका लागि यस कार्यालयको वेवसाईट *dang.akc.gov.np* वाट सम्बन्धित कार्यविधिहरु डाउनलोड गरी प्राप्त गर्न सकिनेछ। रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश नहुने व्यहोरा जानकारी गराईन्छ।

तपशिल,

| क्र.स. | कार्यक्रमहरूको नाम/लक्ष्य | बजेट (रु. लाख मा) | सञ्चालन गर्न सकिने कृयाकलापहरु | न्यूनतम मापदण्ड | आवेदकको किसिम | अनुदानको सीमा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | नमूना प्राङ्गारिक फर्म स्थापना कार्यक्रम (पटक-१) | ६ | आ प्राङ्गारिक उत्पादन प्रवर्द्धन कार्यक्रमसँग सम्बन्धित अनुसुची ६ (क) देखि ६(छ) मा उल्लेख भए बमोजिम। | खुल्ला जमीनमा एकल फर्मको हकमा कम्तीमा ५ रोपनी र सहकारी वा समूहको हकमा ६० रोपनीमा खेती गर्नुपर्नेछ। | कृषक समूह, सहकारी र कृषि फर्म | पूर्वाधार निर्माणको हकमा कार्यविधिको दफा ५ बमोजिम। अन्य क्रियाकलापहरुमा बढीमा ५० प्रतिशत | प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण भएका कृषि विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०७८ बमोजिम |
| २ | संरक्षित संरचनामा प्राङ्गारिक तरकारी उत्पादन कार्यक्रम (पटक-१) | ४ | -प्राङ्गारिक उत्पादन प्रवर्द्धन कार्यक्रमसँग सम्बन्धित अनुसुची (६) क देखि ६(छ) मा उल्लेख भए बमोजिम | कम्तीमा १५०० वर्ग मिटरमा संरक्षित संरचना भित्र खेती गर्नुपर्नेछ।<br>-प्राङ्गारिक उत्पादन प्रवर्द्धन कार्यक्रमसँग सम्बन्धित अनुसूची ६(क) देखि ६ (छ) मा उल्लेख भए बमोजिम | कृषक समूह, सहकारी र कृषि फर्म | पूर्वाधार निर्माणको हकमा कार्यविधिको दफा ५ बमोजिम। अन्य क्रियाकलापहरुमा बढीमा ५० प्रतिशत | |

बुद्धि राज घिमिरे
प्रमुख
अधिकृत स्तर (नवौं तह)

प्रदेश सरकार
लुम्बिनी प्रदेश
कृषि, खाद्य प्रविधि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र,

## दाङ

☎ ०८२-५६०१३०/५६००२५
ईमेल: akcdang@gmail.com
वेबसाईट: dang.akc.gov.np

| क्र. स. | कार्यक्रमहरूको नाम/लक्ष्य | बजेट (रु. लाखमा) | सञ्चालन गर्न सकिने कृयाकलापहरु | न्यूनतम मापदण्ड | आवेदकको किसिम | अनुदानको सीमा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ३ | महिला उद्यमी, समुह, सहकारी लक्षित विशेष कृषि कार्यक्रम (पटक-१) | १० | लक्षित वर्गले कृषि व्यवसायको उत्पादन, प्रसोधन तथा बजारीकरणमा सहयोग पुग्ने कार्यक्रम संचालन गर्ने | -बाली/ बस्तु उत्पादन कम्तिमा ३ कठ्ठामा गर्नुपर्ने<br>-मौरी र च्याउको हकमा कम्तीमा ६ वटा माहुरी घार (गोलासित ) वा च्याउ न्युनतम ४० पोका च्याउको वीउ प्रयोग गरी उत्पादन गर्नुपर्ने | समुह/ सहकारीमा आवद्ध महिला वा महिलाको नाममा कृषि फर्म दर्ता हुनुपर्ने | स्वीकृत कार्ययोजनाको अधिकतम ८०% वा बढीमा रु ८० हजार अनुदान उपलब्ध गराईने छ | कृषि तथा पशुपंक्षी व्यवसाय प्रवर्द्धन तथा लक्षित समुदाय क्षमता अभिवृद्धि कार्यविधि ,२०७८ बमोजिम |
| ४ | बीज वृद्धी कार्यक्रमको लागि पूर्वाधार विकास सहयोग कार्यक्रम (पटक-१ ) | १५ | बीउ भण्डार गृह, अन्न भण्डार गृह, बीउ सुकाउने टहरा, खलियान, बीउ प्रशोधन प्लान्ट, मल भण्डारण गृह, मेशिन औजार भण्डारण टहरा, विषादी भण्डारण गृह, आवश्यकता अनुसार अन्य । | बीउ उत्पादन, बजारिकरण र उपयोगमा संलग्न कृषक, कृषक समूह, बीउ विजनसँग सम्बन्धित सहकारी संस्था, सामूदायिक बीउ बैंक, निजी फर्म वा कम्पनी हुनुपर्ने। | बीउ उत्पादनमा संलग्न हुनेपर्ने | प्रति प्रस्ताव कुल लागतको ५० प्रतिशत । | बीउ बिजन उत्पादन, आपूर्ती तथा व्यवस्थापन निर्देशिका, २०७८ बमोजिम |
| ५ | बीउ प्याकेजिङ्ग मेशिनमा सहयोग (पटक-१ ) | २ | बीउ प्याकेजिङ्ग मेसिन खरिद। | | | प्रति प्रस्ताव कुल लागतको ५० प्रतिशत । | |

प्रमुख,
अधिकृत स्तर (नवौं तह)

प्रदेश सरकार
लुम्बिनी प्रदेश
कृषि, खाद्य प्रविधि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र,
दाङ

☎ ०८२-५६०१३०/५६००२५
ईमेल: akcdang@gmail.com
वेबसाईट: dang.akc.gov.np

| क्र. स. | कार्यक्रमहरूको नाम/लक्ष्य | बजेट (रु. लाखमा) | सञ्चालन गर्न सकिने कृयाकलापहरु | न्यूनतम मापदण्ड | आवेदकको किसिम | अनुदानको सीमा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ६ | लेवलिङ्ग तथा प्याकेजिङ्ग सामाग्री उपलब्ध गराउने कार्यक्रम (पटक-१ ) | २ | लेवलिङ्ग तथा प्याकेजिङ्ग सामाग्री खरिद। | | | प्रति प्रस्ताव कुल लागतको ५० प्रतिशत । | |

संलग्न गर्नुपर्ने आवश्यक कागजातहरु

१. प्रस्तावकको निवेदन ।
२. दर्ता भएको प्रमाण-पत्रको प्रतिलिपि (समूह/निजी फर्म/कम्पनी/सहकारी)।
३. स्थायी लेखा नम्वर प्रमाण-पत्र तथा गत आर्थिक वर्षमा कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि (समूह, सहकारी र समितीको हकमा) ।
४. कृषक तथा कृषक समूहको हकमा स्थायी लेखा नम्वर तथा गत आर्थिक वर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि (छनौट भएमा सम्झौता पूर्व पेश गर्नु पर्ने) ।
५. कार्यक्रम सञ्चालनको लागि कार्ययोजना सहितको प्रस्ताव (कार्यक्रम प्रकृती अनुसार) ।
६. सम्बन्धित स्थानीय तहको सिफारिस पत्र ।
७. प्रस्ताव स्वीकृत गरी अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपि ।
८. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि ।
९. निर्माण गरिने पूर्वाधारको हकमा लागत अनुमान तथा नक्सा ।
१०. जग्गा धनी दर्ता प्रमाण-पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा १० वर्षको करार पत्र (निर्माणको हकमा २० वर्ष).
११. जग्गा कर (तिरो) तिरेको रसिदको प्रतिलिपी ।
१२. दोहोरो अनुदान नलिएको स्व:घोषणा ।

पुनश्चः थप जानकारीको लागि यस कार्यालयको सम्पर्क नम्बर ०८२-५६०१३० वा सम्पर्क व्यक्ति कृषि प्रसार अधिकृत श्री विनोद सुनार (फोन नं. ९८६८६२६३४३) लाई सम्पर्क गर्नुहुन अनुरोध छ । नोटः उक्त कार्यक्रम संचालनको कार्यविधिमा फेरवदल आएमा सोहि अनुसार कार्यक्रमको कारवाहि अगाडि वढाईनेछ।

बुद्धि राज घिमिरे
प्रमुख
अधिकृत स्तर (नवौं तह)

प्रदेश सरकार
लुम्बिनी प्रदेश
कृषि, खाद्य प्रविधि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
**कृषि ज्ञान केन्द्र,**
**दाङ**

☎ ०८२-५६०१३०/५६००२५
ईमेल: akcdang@gmail.com
वेबसाईट: dang.akc.gov.np

## प्रतिफलमा आधारित प्रोत्साहन अनुदान कार्यक्रम सम्बन्धि प्रस्ताव आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७८/११/२६ गते**

कृषि ज्ञान केन्द्र, दाङको आ.व. २०७८/७९ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार **प्रतिफलमा आधारित प्रोत्साहन अनुदान कार्यक्रम** रहेकाले सो कार्यक्रममा सहभागी हुन वा आफू मातहतका सदस्य कृषकहरुलाई संलग्न गराउन ईच्छुक नियमानुसार दर्ता भएका कृषक समूह वा सहकारी वा उद्यमी वा व्यवसायी वा कम्पनीले यो सूचना प्रकाशन भएका मितिले १५ दिन भित्र (मितिः २०७८/१२/१०) यस कार्यालयमा तपशिलको विवरण सहित निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ। साथै प्रस्ताव साथ पेश गर्नुपर्ने कागजातको विवरण, निवेदनको ढाँचा तथा संक्षिप्त कार्ययोजना यस यस केन्द्रको वेबसाईट dang.akc.gov.np वा molmac.p5.gov.np वाट **उत्पादन प्रवर्द्धनमा आधारित कृषक सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०७६** डाउनलोड गरी प्राप्त गर्न सकिनेछ ।

तपशिल,

| क्र.स | वालि वस्तुको विवरण | अनुदान दिने आधारहरु | आवेदकको किसिम | प्रमाणित गर्ने आधारहरु | अनुदानको सिमा |
|---|---|---|---|---|---|
| १ | आलु/प्याज/मसला/तरकारी वालि/फलफुल | - गत आ.व को कार्तिक महिनादेखि चालु आ.व को असोज मसान्त सम्म कम्तीमा प्रति सदस्य प्रति वर्ष १ मे.ट सम्म र प्रति सहकारी वर्षमा कम्तीमा ५० टन उत्पादन गरेको<br>- आफ्नै फर्ममा उत्पादन भएको हुनुपर्ने<br>- सहकारी/समुह/कम्पनीले आवद्ध कृषकको तर्फवाट प्रस्ताव पेश गर्न सक्ने | व्यवसायिक कृषक/समूह/कृषक सहकारी | खेति गरिएको विवरण र सम्बन्धित स्थानीय तहको खेत निरिक्षण सहितको प्राविधिक प्रतिवेदन, सहकारी /समूह/कम्पनिको खरिद अभिलेख , सहकारी /समूह / कम्पनी आफै विक्रि वितरण गर्ने भए विक्रि अभिलेख र थोक विक्रि गर्ने भए सम्झौताको प्रतिलिपि वा विक्रि गरेको पसलको नाम,ठेगाना र सम्पर्क नम्बर सहितको विवरण , तरकारी व्यवसायीबाट लिएको भुक्तानीको अभिलेख,सम्बन्धित कृषकको खातामा भुक्तानी गरेको अभिलेख | बढिमा प्रति के.जि रु २ का दरले प्रोत्साहन |
| २ | खाद्यान्न तथा तरकारी विउ | - गत आ.व को कार्तिक महिनादेखि चालु आ.व को असोज मसान्त सम्म खाद्यान्न,दलहन वा तेलहन विउ उत्पादन भएको हुनुपर्ने<br>- कृषक/कृषक समूहको हकमा प्रति सदस्य प्रति वर्ष कम्तिमा २०० के.जि, समुहको कम्तिमा १००० के जि , सहकारी संस्थाको हकमा कम्तिमा प्रति सदस्य ५०० के.जि प्रति वर्ष र प्रति सहकारी प्रति वर्ष कम्तिमा १००० के.जि श्रोत विउ उत्पादन गरी प्रमाणिकरण गरेको हुनुपर्ने<br>- उन्नत विउको हकमा कृषक/कृषक समूहले कम्तिमा प्रति सदस्य प्रति वर्ष कम्तिमा ४०० के.जि र प्रति समूह कम्तिमा २००० के.जि र सहकारी | कृषक/कृषक समूह वा सहकारी | स्रोत विउ उत्पादन अनुमति पत्र वा विउ विजन उत्पादनमा संलग्नताको प्रमाण , स्रोत विउ वा मुल विउ खरिदको विल, विउ उत्पादनको पूर्व जानकारी फारम , खेत निरिक्षण गरेको प्रमाण, मान्यता प्राप्त प्रयोगशालाबाट विउ परिक्षण तथा प्रमाणिकरण गरेको प्रतिवेदन तथा प्रमाणहरु, समूह/सहकारीले सदस्यहरुवाट विउ खरिद गरेको अभिलेख, सहकारीले आफै विक्रि गर्ने भए विक्रि अभिलेख र थोक विक्रि गर्ने भए सम्झौताको प्रतिलिपि वा विक्रि गरेको पसलको नाम,ठेगाना र सम्पर्क नम्बर सहितको विवरण , तरकारी व्यवसायीबाट लिएको भुक्तानीको अभिलेख,सहकारीबाट कृषकको खातामा भुक्तानी गरेको अभिलेख | खाद्यान्न विउको हकमा स्रोत विउमा बढिमा प्रति के.जि रु ८, उन्नत विउमा बढिमा प्रति के.जि रु ५ र तरकारीको हकमा उन्नत विउमा बढिमा रु |

बुद्धि प्रसाद घिमिरे
अधिकृत स्तर (नवौं तह)

प्रदेश सरकार
लुम्विनी प्रदेश
कृषि, खाद्य प्रविधि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
**कृषि ज्ञान केन्द्र,**
**दाङ**

☎ ०८२-५६०१३०/५६००२५
ईमेल: akcdang@gmail.com
वेबसाईट : dang.akc.gov.np

| | | | | | |
|---|---|---|---|---|---|
| | | संस्थाको हकमा प्रति सदस्य प्रति वर्ष कम्तिमा १००० के.जि र प्रति सहकारी प्रति वर्ष कम्तिमा १०००० के.जि उन्नत विउ उत्पादन गरी ट्यागिङ गरेको हुनुपर्ने<br>- तरकारी वालिको हकमा चालु आ.व भित्रै सरकारी फार्म केन्द्रहरुवाट उत्पादित श्रोत विउको प्रयोग गरी कृषक/कृषक समूह/सहकारीले कम्तिमा उन्नत स्तरको २५ के.जि विउ उत्पादन गरेको हुनुपर्ने<br>- स्वदेशमा नै विकास भई सूचिकृत भएका जातहरुमा मात्र यस्तो अनुदान उपलब्ध गराईने<br>- कृषकको आफ्नै फार्ममा उत्पादन भएको हुनुपर्ने<br>- समूह/सहकारीमा आवद्ध भएकी कृषकहरु मात्र यस कार्यक्रममा सहभागि हुन योग्य हुने | | | ५० |

**आवश्यक कागजातहरुः**

सहकारी वा संस्था वा कम्पनी दर्ता/नविकरणको प्रमाणपत्र

-कर चुक्ता प्रमाणपत्र

-संस्थाको हकमा गत वर्षको लेखापरिक्षणको प्रतिवेदन

-अनुसूची-२ बमोजिमको निवेदन

-अनुसूची-५ अनुसारको कार्ययोजना

-कार्यक्रम संचालन भएको स्थलको फोटोहरु

-सम्बन्धित स्थानिय तहको सिफारिस

- सहकारीको हकमा वार्षिक साधारण सभा भएको गत वर्षको प्रतिवेदन

**पुनश्चः थप जानकारीको लागि यस कार्यालयको सम्पर्क नम्बर ०८२-५६०१३० वा सम्पर्क व्यक्ति कृषि प्रसार अधिकृत मनोज कुमार सिंह (फोन न ९८४७९८३३३३) लाई सम्पर्क गर्नुहुन अनुरोध छ ।नोटः उक्त कार्यक्रम संचालनको कार्यविधिमा फेरवदल आएमा सोहि अनुसार कार्यक्रमको कारवाहि अगाडि वढाईनेछ।**

...राज घिमिरे
प्रमुख
अधिकृत स्तर (नवौं तह)